आज मिति २०८० भाद्र १० गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष मं.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री मधु माया बगाले

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

नि. प्रमुख प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा शाखा प्रमुख :- श्री सुरेन्द्र ढुङगाना



CamScanner

मिति २०८० भदौ १० गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:

**निर्णय नं १: अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**

मिति २०८०/०४/०७ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था र प्रगति बारे यस बैठकमा समीक्षा गरियो।

**निर्णय नं. २ : किचे खोला साना जलविद्युत आयोजना निर्माणमा लगानि गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन ऐन,२०८०को परिच्छेद २ को दफा ३ बमोजिम मर्स्याङ्दी गाउँपालिका -२ स्थित किचे खोलामा निर्माण गर्न लागिएको किचे खोला साना जलविद्युत आयोजनामा यस गाउँ पालिकाको तर्फबाट कुल लगानीको १० प्रतिशत लगानी गर्ने निर्णय गरियो । साथै सोका लागि हाल पहिलो किस्ताको रुपमा आ.व.२०८०/०८१ मा अन्य योजनाहरुमा विनियोजित बजेटबाट रु.१० लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : किचे खोला साना जलविद्युत आयोजनामा गाउँपालिकाको प्रतिनिधी चयन गर्ने सम्बन्धमा**

मर्स्याङ्दी जलविद्युत कं. लि.द्धारा निर्माण गर्ने भनिएको किचे खोला साना जलविद्युत आयोजनामा यस गाउँपालिकाको प्रतिनिधीको रुपमा अध्यक्ष अर्जुन गुरुङलाई प्रतिनिधी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४ : स्वयमसेवकहरु आव्हन गर्ने सम्बन्धमा ।**

**"म बनाउँछु मेरो पालिका, समृद्ध मर्स्याङ्दी गाउँपालिका निर्माणको अभियानमा मेरो सहभागिता"** भन्ने उद्धेश्यका साथ गाउँपालिकावासीहरुबाट निम्न क्षेत्रहरुमा स्वेच्छिक स्वयमसेवकको रुपमा आव्हन गर्ने निर्णय गरियो । यसरी स्वेच्छिक स्वयमसेवकको रुपमा आवद्ध स्वयमसेवकहरुको अभिलेख गाउँपालिकामा राख्ने र उनिहरुलाई आफ्नो कार्य सम्पादन पश्चात सम्मान गर्ने समेत निर्णय गरियो ।

**स्वयमसेवकको रुपमा कार्य सम्पादन गर्न सकिने क्षेत्रहरु :**

१. पूर्वाधार विकास कार्यक्रम (सडक, भवन, बाटो, सिँचाई, खानेपानी आदी)

२. शिक्षा (विद्यालयहरु)

३. स्वास्थ्य (स्वास्थ्य चौकी, समुदाय)

४. प्रशासन सेवा (गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु)

५. कृषि, पशु सेवा कार्यक्रम (शाखा कार्यालय, कृषि फर्महरु, समुदाय)

६. सचेतनामुलक कार्यक्रमहरु (सामाजिक विकास, वातावरण, लागु औषध दुर्व्यसनी)

७. अभिमुखिकरण कार्यक्रमहरु (उद्यम, उत्पादन, व्यवसाय)

**निर्णय नं. ५ : विदा स्विकृत गर्ने सम्बन्धमा ।**

यस मर्स्याङदी गाउपालिकाको कार्यालयमा कार्यरत नेपाल इन्जिनियरिङ सेवा, सिभिल समुहमा मिति २०७६/११/२८ मा नियुक्ति भई हालसम्म कार्यरत सब ईन्जिनियर प्रमिला तामाङ्ग (क.स.नं. २३९२२६) स्थानीय सेवा (गठन तथा सन्चालन) नियमावली २०८० दफाको ११२को ३(ख) बमोजिम निजी प्रयासमा अध्ययन गर्न विदेश जाने भएकोले २०८०/०५/०३ गते बाट ३ (तिन) वर्ष अध्ययन/असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ : मर्स्याङ्दी गाउँपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० सम्बन्धमा :**

मर्स्याङदी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यलयमा पेश भएको मर्स्याङ्दी गाउँपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० माथी गाउँ कार्यपालिकाका सदस्यहरु वीच व्यापक छलफल भई सर्वसहमतिले पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ७ : मर्स्याङ्दी गाउँपालिकाको कृषि सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० सम्बन्धमा :**

मर्स्याङदी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यलयमा पेश भएको मर्स्याङ्दी गाउँपालिकाको कृषि सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० माथी गाउँ कार्यपालिकाका सदस्यहरु वीच व्यापक छलफल भई सर्वसहमतिले पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८ : मर्स्याङ्दी गाउँपालिकाको पशुपन्छी तथा मत्स्य फर्म दर्ता कार्यविधि, २०८० सम्बन्धमा :**

मर्स्याङदी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यलयमा पेश भएको मर्स्याङ्दी गाउँपालिकाको पशुपन्छी तथा मत्स्य फर्म दर्ता कार्यविधि, २०८० माथी गाउँ कार्यपालिकाका सदस्यहरु वीच व्यापक छलफल भई सर्वसहमतिले पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९ : मर्स्याङ्दी गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि, २०८० सम्बन्धमा :**

मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यलयमा पेश भएको मर्स्याङ्दी गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि, २०८० माथी गाउँ कार्यपालिकाका सदस्यहरु वीच व्यापक छलफल भई सर्वसहमतिले पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १०: श्री हिमालय प्राथमिक विद्यालयको २ कोठे शौचालय भवन निर्माणको सिफारिस सम्बन्धमा ।**

मिति २०८०/०५/०१ गते रातीको समयमा यस मर्स्याङ्दी गाउँपालिका -५, सन्जापुमा रहेको श्री हिमालय प्राथमिक विद्यालयको २ कोठे शौचालय भवन शौचालय माथिको ठूलो ढुङ्गा खसी पूर्ण रुपमा क्षति पुऱ्याएकोले उक्त शौचालय पुन निर्माण गर्न गण्डकी प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।



CamScanner